## दुग्धको मुल्य संग श्रृजित समस्या सम्बन्धमा राष्ट्रिय किसान आयोगबाट माननीय कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रीज्यू समक्ष प्रेशित सुझाव पत्र ।

**माननीय मन्त्रीज्यू,**

दुग्ध विकास संस्थानको मिति २०७५।०३।१२ गते मा बसेको १३२३ औं बैठकले विगतमा सहकारी संस्थाहरुलाई दूधको परिमाणका आधारमा दिईदै आएको फ्याट, एसएनएफ र टीएसको मूल्य वाहेकको अतिरिक्त मूल्यलाई २०७५।३।१६ गते देखी स्थगित गर्दै सो को सट्टामा दूधको स्वच्छता शुद्धता गुणस्तरीयता कायम गर्ने सहकारीलाई अतिरिक्त मूल्य सिफारिस गर्न कार्यदल बनाईएकोमा चितवन जिल्लाका सहकारी संस्थाहरुले अतिरिक्त मूल्यमा भएको कटौतीको विरोध गर्दै सडकमा दूध फाल्ने तथा यात्रुहरुलाई दूध खुवाएर विरोध प्रर्दशन गरीरहेको अवस्था सर्व विधितै छ । यस सन्दर्भमा राष्ट्रिय किसान आयोगले केन्द्रिय दुग्ध उत्पादक सहकारी संघ र सम्बन्धित सहकारी संस्थाका प्रतिनिधिहरु, दुग्ध विकास संस्थानका पदाधिकारीहरु, नीजि डेरी व्यवसायीहरु समेतलाई सहभागि गराई छलफलहरु गर्दा उल्लेखित समस्या तथा नेपालमा दिर्घकालिन रुपमा स्वच्छ दूध तथा दूग्ध पदार्थहरुको उत्पादन, प्रसोधन र बजारिकरण गरी उपभोक्ताहरुममा सर्वसुलभ रूपमा उपलब्धताका लागि देहाय अनुसारका कार्यहरु गर्न राष्ट्रिय किसान आयोग सुझाब पेश गर्दछ ।

### तत्काल गर्नुपर्ने कामहरु

दुग्ध विकास संस्थानको १३२३ औं बैठकले विगतमा सहकारी संस्थाहरुलाई दूधको परिमाणका आधारमा दिईदै आएको फ्याट, एसएनएफ र टीएसको मूल्य वाहेकको अतिरिक्त मूल्य **स्थगित गर्ने निर्णय हाललाई फिर्ता गरी** चालु वर्षको आगामी महिनामा हुने दूधको संभाव्य बढी आपुर्तिलाई कसरी व्यवस्थापन गर्ने तथा भारतबाट अनाधिकृत रुपमा धुलो दुध आयात गरि बजारमा हुन सक्ने समस्यालाई समाधानका लागि दुग्ध विकास वोर्ड, किसान, सहकारी, निजी डेरी तथा दुग्ध विकास संस्थान संलग्न उच्चस्तरिय कार्यदल बनाई उक्त कार्यदलको सिफारिस को आधारमा उचित निर्णय गर्दै कार्यान्वयनमा लैजाने ।

### दीर्घकालिन रुपमा गर्नुपर्ने कामहरु

- नेपालमा दूग्ध उत्पादन प्रर्बद्धन कार्यक्रमहरु, विदेशवाट फर्केका शिक्षित युवावर्गहरुबाट शुरु गरिएको पशुपालनका कारण दूग्ध उत्पादनमा क्रमस: केही वृद्धि भएको छ । यद्यपि हाल विश्वबजारमा घटदै गरेको धुलो दुधको मूल्य, भारतमा मौज्दात रहेको धुलो दूध र नेपाल भारतको खुला सिमाना तथा नाकाहरुमा कमजोर चेकजाँच आदी कारणले गर्दा धुलो दूधको

आयात बढन गई दुधको सुख्खा सिजनमा (lean season) समेत बजारमा अत्यधिक दुध आपुर्ति भएको देखिन्छ । यसरी देशभित्र कुन महिनामा कति दूध तथा दूग्ध पदार्थ आवश्यक छ तथा त्यसका लागि संभाव्य आपुर्तिको अवस्था र वढी भए वैकल्पीक खपतको व्यवस्थापन (जस्तै स्कूल मिल्क फिडिङ्ग, अतिथी सत्कार,......) गर्नुपर्ने । यसका लागि दूध तथा दूग्ध पदार्थको सही तथ्याङ्क सकंलन र सम्प्रेषण अति जरुरी देखिन्छ र सही तथ्याङ्क सकंलनमा किसान, दूध उत्पादक सहकारी, नीजि डेरी ब्यवसायी र दूग्ध विकास संस्थान र सम्बन्धित विभाग, मन्त्रालयको अहम भूमिका रहन्छ । तसर्थ देशभर उत्पादन हुने दूधको सही तथ्याकं सकंलन, सम्प्रेषण तथा प्रक्षेपणको नियमित व्यवस्थाको संयत्र वनाई अविलम्ब कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाउने ।

- विगतमा पशु सेवा विभाग मार्फत दुध उत्पादन कार्यक्रम संचालन गरिने गरिएकोमा बजारिकरण र खपत तर्फ बिशेष कार्यक्रम नभएको हुँदा हाल संघीयता कार्यान्वयन पछि उक्त कार्यहरु स्थानीय तहहरुले गर्नु पर्नेमा स्थानिय तहहरुले दुध उत्पादन कार्यक्रममा लगानी अत्यन्त न्यून हुने गरेको पाईएको छ । यस सम्बन्धमा स्थानिय तहहरुले दुध उत्पादन र खपत कार्यक्रममा लगानी गर्ने वातावरण तयार गर्ने ।

- देशमा अवैधानिक रुपमा हुने गुणस्तरहीन धुलो दुधको आयातलाई पूर्ण रुपमा प्रतिबन्ध लगाउने साथै भारतबाट अनाधिकृत रुपमा आउने दुधलाई पूर्ण नियन्त्रण गर्ने ।

- दुग्ध विकास संस्थानको ब्यवसायिकता माथि बारम्बार प्रश्न उठने गरेकोले संस्थान अन्तरगतका दूग्ध वितरण तथा प्रसोधन केन्द्रहरुमा सुधारका लागि सुधार कार्यक्रम संचालन गर्ने, कर्मचारीहरुमा कार्यसम्पादनमा आधारित सुविधा तथा दण्ड र पुरस्कार व्यवस्था गर्ने ।

- बजारमा दूध तथा दूग्ध पदार्थको गुणस्तर नियन्त्रणका लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग मातहत सवै प्रदेशमा बजार अनुगमनको टोली बनाई दैनिक अनुगमनको ब्यवस्था मिलाउने यसका लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण तर्फ थप जनशक्तिको व्यवस्था गर्ने । बजार अनुगमन तथा गुण नियन्त्रणका लागि स्थानिय तहलाई समेत गुणस्तर मापदण्ड उपलब्ध गराई स्थानिय तहहरुलाई अनुगमनमा सक्रिय बनाउने र सबै डेरी उद्योगहरुलाई अनुज्ञापत्र अनिवार्य गरी अभिलेखीकरण गर्ने ।

- नीजि डेरी व्यावसायीहरूले आफूले विक्रि गर्ने दूध तथा दूग्ध पदार्थको गुणस्तर सार्वजनिक (Quality self-declaration) गर्ने व्यवस्था गर्ने।

- देशमा उत्पादित दूधलाई औपचारिक च्यानलमा ल्याउन दुग्ध विकास संस्थानले मात्र नसक्ने भएकोले चितवनमा रहेको चिचवन कोई दुध कारखानालाई दुध उत्पादक सहकारी मार्फत संचालनका लागि नेपाल सरकारको अग्रसरतामा उक्त दुध कारखानाको सेयर दूध उत्पादक किसानहरुलाई विक्री गरी संचालन र व्यवस्थापनमा ल्याउने ।